मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २७३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ ३ गते शुक्रवार (Friday, August 19. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

## दक्षिण कोरिया पठाइदिन्छु भन्दै ठग्ने पक्राउ

**काठमाडौं, भदौ २।** दक्षिण कोरिया पठाइदिन्छु भन्दै नगद ७ लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-६ सीतापाइला बस्ने झापा अर्जुनधारा नगरपालिका-८ घर भएका ३४ वर्षीय दिनेश खतिवडालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ।

काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका-९ मुक्पाटर घर भई काठमाडौं महानगरपालिका-१५ स्वयम्भु बस्ने ४० वर्षीय पुरुषलाई दक्षिण कोरियामा प्रतिष्ठित होटलमा मासिक २ लाख ५० हजार रुपैयाँ तलव

(बाँकी अन्तिम पृष्ठमा)

# नेपालको चिया क्षेत्रलाई बचाएर राख्छौं: ओली



**झापा, भदौ २।** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपालको चिया क्षेत्रलाई बचाएर छाड्ने बताएका छन्।

गृह जिल्ला पुगेर एमाले अध्यक्ष ओलीले दक्षिणी झापाको कचनकवल गाउँपालिका-६ स्थित बनियानीमा बिहीबार आयोजित वृहत् कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै भने- 'चिया, चिया मजदुर र चिया मालिकहरूको समस्या बल्झिएको छ, भारतको राज्यसभामा नेपालमा उत्पादित चियालाई ४० प्रतिशत कर लगाउनुपर्छ भनेर एउटा अध्ययन प्रतिवेदन पेश भएको छ।'

'भारतसँग चियाको बारेमा यो सरकार बोल्न सक्दैन, कुरा गर्न सक्दैन'- उनले भने- 'अब नेपालमा सबै चिया उद्योग बन्द हुने स्थितितर्फ जाँदैछ, सरकार चुइँक्क बोल्दैन, हामीले कुरा गर्नुपर्दछ।' 'हामी नेपालको चिया उद्योग, चिया व्यवसाय र चिया खेतीलाई बचाएर छाड्छौं'- उनले भने।

आगामी मंसीर ४ गते हुने चुनावको प्रसंगमा बोल्दै अध्यक्ष ओलीले एमालेसँग एक्ला-एक्लै चुनाव लड्ने हिम्मत गर्न नसक्नेहरू साँठगाँठ गरिरहेका छन्। अपवित्र साँठगाँठको नाम हो गठबन्धन। 'गठबन्धनमा ८/१० वटा दल पुग्यो होला, अरू पनि मान्छे जुटाउँदा पनि एमालेलाई केही फरक पर्दैन'- एमाले अध्यक्ष ओलीले भने- 'यस कार्यक्रममा आज प्रवेश गरे जति पनि मान्छे गठबन्धनमा छैनन्, त्यसको खासै अर्थ छैन, जस्तोसुकै गठबन्धन बनोस् त्यसलाई एमालेले पराजित गर्नेछ। त्यसकारण उच्च मनोबल लिएर, जित्छु भन्ने विश्वास लिएर अगाडि बढ्न यसै मञ्चबाट सबैलाई आग्रह गर्न चाहन्छु।'

उनले भने- 'यो एउटा क्षेत्र विशेषको कुरा मात्रै होइन, सिङ्गो देशमा बहुमत लिएर एमालेले जित्नु पर्छ।' एमाले आफूले सरकार बनाउनका लागि जित्ने होइन, आफूले जित्नका लागि एमालेले जित्ने होइन, देशलाई बर्बादीबाट बचाउन एमालेले जित्ने हो। छिमेकी मारेर भोट जित्नुपर्ने एमाले दुष्ट मन भएको पार्टी होइन। एमाले लोकतान्त्रिक ढङ्गले जनताको अभिमतबाट चुनाव जित्नुपर्छ भन्ने पार्टी हो'- उनले भने। शहीदहरूको रगतले भन्छ हामीलाई, सही बाटो हिँड्दैछौ कि भुल्यौ ? दाजुभाइ भन्ने गीतको शब्द वाचन गर्दै एमाले

(बाँकी अन्तिम पृष्ठमा)

# 'नागरिकता विधेयक पुनःपेश भए रोक्न मिल्दैन'

**काठमाडौं, भदौ २।** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नागरिकता विधेयक पुनः पेश गरेको खण्डमा रोक्न नमिल्ने कानूनविद्हरुले जिकिर गरेका छन्।

पहिलो पटक पुनर्विचार गर्नका लागि राष्ट्रपतिले नागरिकता विधेयकलाई संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) मा फिर्ता पठाए पनि अब पुनर्विचारका लागि ठाउँ नभएको र विधेयकलाई प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको उनीहरुको तर्क छ।

संविधान अनुसार कुनै पनि विधेयक दुईपटक पुनःविचार गर्न नपाइने व्यवस्था रहेको छ। विधेयकलाई संसद्ले चाहे जस्ताको त्यस्तै वा संशोधनसहित पारित गरेर पठाए भने राष्ट्रपतिलाई रोक्ने ठाउँ देखिँदैन। दोस्रोपटक पारित गरिएको कुनै पनि विधेयकलाई राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने हुन्छ। संविधानको धारा ११३ को उपधारा (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुतरुपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने कानूनी व्यवस्था छ।

संविधानविद् डा. विपिन अधिकारी संसद्ले पुनःपारित गरेर राष्ट्रपति समक्ष नागरिकता विधेयक पेश गरेमा प्रमाणीकरण गर्नुपर्ने बताउँछन्। राष्ट्रपतिले संविधान अनुसार नागरिकता विधेयकलाई पुनःविचार गर्नका लागि संसद्मा फिर्ता गर्न मिल्दैन- उनले भने- अब राष्ट्रपतिले विधेयकलाई थुनछेक नगरी प्रमाणीकरण गर्नुहुन्छ।




उनले सरकारको चाहनाअनुसार नै नागरिकता विधेयक आउने बताए। उनले राष्ट्राध्यक्षले पुनर्विचार गर्न संसद्मा विधेयक फिर्ता गरेपछि प्रक्रिया मात्र पुऱ्याएर पारित गर्न नहुने उनको भनाइ रहेको छ। राष्ट्रपतिले नागरिकता विधेयकमा जुन कुरा उठाउनुभएको छ, त्यो कुराको संसद्को दुवै सदनमा पर्याप्त छलफल हुनुपर्दछ- उनले भने- राष्ट्राध्यक्षले उठाएको कुरालाई सम्बोधन गरेर मात्र विधेयक प्रमाणीकरणका लागि पठाउनुपर्दछ। उनले नागरिकता विधेयकमा विवाद रहेकाले राष्ट्रपति भण्डारीले संसद्मा पुनःविचार गर्नका लागि पठाउनुभएको जानकारी दिए।

संविधानविद् डा. अधिकारीले राज्य व्यवस्था समितिमा दफावार छलफल गरेर मात्र नागरिकता विधेयकमा देखिएको विवाद सुल्झाउनुपर्नेमा जोड दिए। राष्ट्रपतिले नागरिकता विधेयकका सम्बन्धमा पुनर्विचार गर्न भनेको कुरालाई राज्यव्यवस्था समितिबाट नै टुङ्ग्याएर संसद्मा लैजानुपर्दछ- उनले भने। राष्ट्रपति भण्डारी समक्ष गत साउन १५ गते प्रमाणीकरणका लागि पेश गरिएको नागरिकता विधेयक साउन २९ गते फिर्ता भएको थियो।

राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यका अनुसार राष्ट्रपति भण्डारीले नेपालको संविधान बमोजिम नागरिकता प्राप्ति सम्बन्धी विषयमा संघीय संसद्बाट पुनःविचार हुन आवश्यक देखिएकाले संविधानको धारा ११३ को उपधारा (३) बमोजिम १५ बुँदे सन्देशसहित प्रतिनिधिसभामा फिर्ता पठाएकी थिइन्।

यसरी फिर्ता पठाएको विधेयक बिहीवार पुनःसंसद्ले पारित गरेर पठाउने कार्यसूची राखेको थियो। प्रतिनिधिसभाले पारित गरेको विधेयकलाई राष्ट्रियसभाबाट पनि पारित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति भण्डारीसमक्ष पेश गर्नुपर्ने हुन्छ।

अर्का संविधानविद् डा. भीमार्जुन आचार्य पनि संसद्को दुवै सदनले पुनःपारित गरेको नागरिकता विधेयकलाई राष्ट्रपतिले स्वीकार गरेर प्रमाणीकरण गर्नुपर्ने बताउँछन्। राष्ट्रपतिले फिर्ता गरेको विधेयकलाई पर्याप्तमात्रामा छलफल गरेर मात्र पुनःप्रमाणीकरणका लागि पठाउनुपर्दछ- उनले भने- राष्ट्रपतिले उठाउनुभएको कुराको संसदीय व्यवस्था अनुसार सम्बोधन हुनुपर्दछ। राष्ट्रपतिले पुनःविचारका लागि

(बाँकी अन्तिम पृष्ठमा)

## हराएको नागरिकता दुरुपयोग गर्ने पक्राउ

**झापा, भदौ २।** नेपाल प्रहरीले हराएको नागरिकता दुरुपयोग गरी कम्पनी खोलेर ठगी गर्ने तीन जनालाई पक्राउ गरेको छ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनको टोलीले कञ्चरपुरका निरज पाण्डेको हराएको नागरिकता दुरुपयोग गरी कम्पनी खोलेर विभिन्न व्यक्तिलाई ठगी गर्ने तीन जनालाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरी सार्वजनिक गरेको हो।

पक्राउ पर्नेमा भक्तपुर मध्यपुर ठिमी नगरपालिका-९ का सुरेश भन्ने २८ वर्षीय प्रदीप कर्माचार्य, मुगु खत्याड गाउँपालिका-११ घर भई काठमाडौं बूढानीलकण्ठ नगरपालिका-२ बस्ने २४ वर्षीय विशाल कार्की र मुगु खत्याड गाउँपालिका-८का २१ वर्षीय रामकृष्ण रावत रहेका छन्। कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले पाण्डेको हराएको सक्कल नागरिकताको दुरुपयोग गरी विभिन्न कम्पनी खोलेर ठगी गरेकाले उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए।

पक्राउ परेका व्यक्तिले वि.सं. २०७८ मंसीर २८ गते ज्ञानेश्वरमा एभरेष्ट लिङ्क इन्टनेशनल एजुकेशन प्रालि नामको प्राइभेट कम्पनी दर्ता गरेको, सेञ्चुरी तथा कुमारी बैंकमा खाता खोलेको र वैदेशिक रोजगारीमा रशिया पठाइदिने प्रलोभनमा पारी पीडित व्यक्तिको नामबाटै ठगी गरेको प्रहरीले जनाएको छ।

पक्राउ परेकामध्ये प्रदीप उक्त कम्पनीको प्रमुख कार्यकारी अधिकृत (सिईओ) बनेको, विशालले पीडितको नाममा बैंक खाता खोलेको र रामकृष्णले सहजकर्ताको भूमिका खेल्दै आएको अनुसन्धानमा खुलेको छ। पक्राउ परेका उनीहरुलाई ठगी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवम् कारवाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको प्रवक्ता कोइरालाले बताए।

## बलात्कार आरोपी क्याम्पस प्रमुख कारागार चलान

**झापा, भदौ २।** बलात्कारको आरोप लागेका पुर्चौंडी बहुमुखी क्याम्पसका प्रमुख राजेन्द्रसिंह नेगीलाई कारागार चलान गरिएको छ।

जिल्ला अदालतले नेगीलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिए। कैलाली घर भई पुर्चौंडीमा ज्यालामजदुरी गर्दै आएकी एक महिलामाथि क्याम्पस प्रमुख नेगीले बलात्कार गरेको आरोप लागेको थियो। गत असार २० गते पानी माग्ने निहुँमा महिलामाथि नेगीले बलात्कार गरेको आरोप लागेको हो।

आफूमाथि जबर्जस्ती करणी गरेको भन्दै महिलाले दिएको जाहेरीका आधारमा नेगीबिरुद्ध इलाका प्रहरी कार्यालय पाटनमा जबरजस्तीकरणी मुद्दा दर्ता गरिएको थियो। आरोप लागेपछि नेगी गत साउन पहिलो साता आफैं जिल्ला प्रहरी कार्यालय पुगेका थिए।

# प्राकृतिक स्रोतको रोयल्टी मापदण्ड विपरीत खर्च

**काठमाडौं, भदौ २।** स्थानीय तहको आम्दानीको प्रमुख स्रोत मध्येको एक प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी मापदण्ड विपरीत खर्च हुने गरेको छ।

अधिकांश स्थानीय तहले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पूर्वाधार विकासलगायतका क्षेत्रमा मात्रै खर्च गर्न चासो देखाएका छन्। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको सुझाव समेत तीनचार वर्षयता कार्यान्वयन हुन सकेको छैन।

प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी परिचालन गर्न लगानी र प्रतिफल तथा लाभको बाँडफाँट सम्बन्धमा विभिन्न कानूनी प्रावधान र प्रचलन रहेकाले पनि रोयल्टी खर्चमा विविधता पाइन्छ। प्राकृतिक स्रोतबाट स्थानीय तहलाई प्राप्त रोयल्टीको रकम सम्बन्धित प्राकृतिक स्रोतको संरक्षण, सम्वर्धन र विकासमा उपयोग गर्नुपर्नेमा सो बमोजिम उपयोग गरेको नपाइएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदनमा उल्लेख छ।

आयोगका अनुसार पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँटलाई बढी व्यवस्थित र समन्यायिक बनाउन लस्कर मार्ग सम्बन्धी सूचक समावेश गर्न महत्वपूर्ण देखिएकोमा पर्वतरोहणको क्रममा आधार शिविरसम्म पुग्ने लस्कर मार्गका विवरण, तिनको लम्बाइ र सो मार्गमा पर्ने स्थानीय तहसहितको विवरण हालसम्म आयोगलाई दिइएको छैन।

यस्तै तीन तहका सरकारले राष्ट्रिय वन र राष्ट्रिय निकुञ्च अन्तर्गत संरक्षित क्षेत्रबाट प्राप्त रोयल्टी वनको अवस्थिति, वनमा आश्रित जनसंख्या र प्रभाव क्षेत्रका जनतालाई लाभ पुग्ने तथा वनको संरक्षण, सम्बर्द्धन हुने गरी हरियाली प्रबर्द्धन गर्ने कार्यमा उपयोग गर्नुपर्नेमा सो बमोजिम प्रभावकारी कार्यक्रम सञ्चालन हुन नसकेको बताइएको छ।

त्यसैगरी ढुङ्गा गिट्टी तथा बालुवा सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन र नियम सम्बन्धमा संघीय संरचना बमोजिमका तीनै तहका सरकारको स्पष्ट भूमिकासहित यसको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोबस्त गर्नुपर्ने सुझाव दिइएकोमा सोको समेत कार्यान्वयन हुन नसकेको आयोगले उल्लेख गरेको छ।

आयोगले विद्यमान कानूनी तथा कार्यविधिगत व्यवस्थापनमा समाञ्जस्यता नरहकोले ती व्यवस्थाहरू हटाइ यसको परिचालन, व्यवस्थापन, अनुगमन, नियमन र संकलित राजश्व बाँडफाँटको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबीचको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी प्रचालित कानूनमा समसामयिक परिमार्जन गर्न आवश्यक रहेको पनि जनाएको छ।

राष्ट्रिय प्राकृतिक स्रोत सम्बन्धमा छाता कानून बन्न नसक्दा रोयल्टी खर्चमा विविधता देखिएको हो। यस सम्बन्धमा एकीकृत कानूनको आवश्यकता पनि देखिएको छ। आयोगलाई संविधान र प्रचलित कानून बमोजिम संकलित रोयल्टी संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्न सिफारिस गर्ने जिम्मेवारी छ तर हरेक रोयल्टी बाँडफाँटको लागि सूचकहरू भने फरक-फरक छन्।

उदाहरणको लागि विद्युत् रोयल्टीको

(बाँकी अन्तिम पृष्ठमा)

**अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ को दफा ७ (२) अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट प्रतिशत यस प्रकार छ**

| रोयल्टीको शीर्षक | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत् | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य प्राकृतिक स्रोतजन्य | ५० | २५ | २५ |



## सुश्रुत आयुर्वेदमा विशेष डाक्टर आउने बारेको सूचना

**डा. जितेन्द्र मण्डल**
MS (AY) IMS, BHU, Selsi (India)
Consultant Surgeon of proctologist, Specialist No. 5

यही मिति २०७९ साल भदौ ४ र ५ गते पाइल्स फिस्टुला रोग विशेषज्ञ डाक्टर राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्र किर्तीपुर (काठमाडौं) बाट आउँदैहुनुहुन्छ। दिसा गर्दा दुख्ने, पोल्ने, मासु पलाएको, पिलो जस्तो घाउ आएको, रगत बग्ने र मलद्वार चिलाउने जस्ता बिरामीले यथाशीघ्र तलको ठेगानामा सम्पर्क राख्नुहोला। नोटः फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ।

सम्पर्क : **सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै, बिर्तामोड, झापा
फोन नं. ०२३-५४१३११, ९८५२६८८९८६

## बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५ झापाको कर्मचारी आवश्यकता

**विज्ञापन न. १/७९/८०** **दोस्रोपटक प्रकाशन मितिः २०७९/०४/३१**
पदः **प्रबन्धक निर्देशक** **सेवाः** करार
**आवश्यक संख्या :** १ **उमेर :** २५ वर्ष पुरा भई ४० बर्ष ननाघेको ,
**शैक्षिक योग्यता :** वाणिज्यशास्त्रमा स्नातक तह उत्तीर्ण, साथै सहकारी वा वित्तीय क्षेत्रमा काम गरेको।
**योग्यता :** कम्पुटर सम्बन्धि राम्रो ज्ञान भएको, मोटरसाइकल लाइसेन्स भएको।
**आवश्यक कागजात :** शैक्षिक प्रमाण-पत्र, तालिम, अनुभव तथा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
**मासिक सुबिधा :** संस्थाको नियम अनुसार, ३ महिना करार अवधि रहने।
**परीक्षा दस्तुर :** रु. ५००/- मात्र
**दरखास्त दिने अन्तिम मिति :** २०७९/०५ ।१५ गतेसम्म

## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**
**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र**
**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**
***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***

# ‘अपराध अनुसन्धानमा प्रविधिको प्रयोग आवश्यक छ’



**झापा, भदौ २।** प्रदेश नं. १का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले प्रहरी सङ्गठनमा समय र परिस्थितिसँगै प्रविधिको विकास हुनुपर्ने बताएका छन् ।

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र १ नं. प्रदेश प्रहरी कार्यालयद्वारा संयुक्त रुपमा आयोजित प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी-२०७० को विहीवार उद्घाटन गर्दै उनले एउटै ढाँचामा अपराध अनुसन्धान गर्दा चुरोमा पुग्न नसकिने भएकाले अनुसन्धानको प्रक्रिया बदल्नुपर्ने धारणा राखे ।

उनले सक्षम प्रहरीबाट नै समाज र राष्ट्र सुरक्षित हुने भएकाले प्रदेश सरकारले प्रहरी सङ्गठनको भौतिक विकासमा ध्यान दिएको बताए । उनले प्रदेश सरकार प्रविधिमैत्री बनाउने दिशातर्फ अघि बढिरहेको जानकारी दिँदै सरकारले मोरङको रानीदेखि धरान र झापाको काँकरभिट्टादेखि कोशी ब्यारेजसम्म राजमार्गमा सिसी क्यामेरा जडान गर्नुपर्नेमा जोड दिए ।

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले अपराध अनुसन्धान जटिल विषय भएको चर्चा गर्दै अनुसन्धान अधिकारीले मेहनत र लगनशीलताले काम गर्नुपर्नेमा जोड दिए । उनले प्रहरी निडर, सक्षम, निर्भय हुनुपर्ने भन्दै प्रमाणले नै सत्यतथ्य थाहा पाउने भएकाले अनुसन्धानका प्रमाणमा विशेष ध्यान दिनुपर्ने बताए ।

महानिरीक्षक सिंहले प्रहरीले प्रभाव र दबाबमा काम नगरी पीडितहरुले न्याय पाउने दिशामा अनुसन्धान अधिकारी चुक्न नहुने धारणा राखे । केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले अहिले ८५ प्रतिशत अपराधका घटना चिनेजानेका मानिसबाट भइरहेको जनाउँदै यौनजन्य जस्ता अपराध छिमेकी र विद्यालयका शिक्षकबाट बढी हुने गरेको तथ्याङ्क रहेको स्पष्ट पारे ।

उनले परम्परागत हिसाबले अपराध अनुसन्धान हुन नसक्ने भएकाले वैज्ञानिक प्रणाली अपनाउनुको विकल्प नरहेको धारणा राखे । आन्तरिक मामिला तथा कानून सचिव कालीप्रसाद पराजुलीले अपराध अनुसन्धान र शान्ति सुरक्षा महत्वपूर्ण विषय भएकाले सरोकारवाला गम्भीर भएर काम गर्नुपर्ने बताए ।

प्रदेश प्रहरी कार्यालयका प्रमुख सुदीप गिरीले समाज र प्रविधिको विकाससँगै अपराध अनुसन्धानमा चुनौति थपिएको बताए । मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जनतालाई शान्ति सुरक्षा र न्याय दिलाउन प्रहरीको एकाइ गाउँ-गाउँसम्म पुगेको उल्लेख गरे ।

कार्यक्रममा उच्च अदालत विराटनगरका रजिष्ट्रार जीतेन्द्रबाबु थपलिया र सहन्यायाधिवक्ता कोषहरि निरौलाले पनि फौजदारी अपराधका विषयमा अनुसन्धानमा समावेश गर्नुपर्ने विषयका बारेमा चर्चा गरेका थिए । गोष्ठीमा प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुख, ३८ अनुसन्धान एकाइका प्रमुख तथा प्रतिनिधि सहभागी रहेका छन् ।

# भदौ ३० बाट के तपाइँको मोबाइल फोन चल्छ ?

**काठमाडौं, भदौ २।** के तपाइँ विदेशबाट साथीभाइ वा इष्टमित्रले ल्याइदिएको मोबाइल फोन प्रयोग गरिरहनुभएको छ वा त्यस्तो फोन मगाउँदै हुनुहुन्छ ? त्यसो हो भने तपाईँले नेपाल दूरसञ्चार प्राधिकरणको नयाँ नियमबारे जान्न जरुरी छ ।

केही वर्षदेखि चर्चामा रहेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम एमडीएमएस आगामी भदौ ३० गतेपछि लागू गराउने ताजा योजना प्राधिकरणले अघि सारेको छ । खासगरि मोबाइलको अनधिकृत आयात वा ओसारपसार रोक्न एमडीएमएस उपयोगी हुने प्राधिकरणको भनाइ छ । हुन त यो नियम नयाँ होइन । गत वर्ष पनि साउन १ गतेबाट यो लागु हुने भनिएको थियो तर हुन सकेन । उसले सन् २०१८मा यससम्बन्धी विस्तृत विनियमावली ल्याएयता यस्तो प्रयास शुरु गरेको हो ।

प्राधिकरणका सहायक प्रवक्ता अच्युतानन्द मिश्र भन्छन्- त्यतिबेला कोभिडको प्रकोप थियो । अनि विश्वभरि दूरसञ्चारका चीप अभाव हुन पुग्यो । यस्ता विविध कारणले हामीले लागू गर्न सकेनौँ । यसपालि एमडीएमएस लागु हुन्छ ।

**नयाँ नियममा के छ ?**

मिश्रका अनुसार भदौ ३० गते एमडीएमएस प्रणाली लागू हुनेछ । त्यसपछि प्राधिकरणको उक्त प्रणालीमा पहिले नै दर्ता भइसकेका मोबाइलको हकमा यथावत् सञ्चालन जारी रहन्छ भने अनधिकृत रूपमा आयातित वा विदेशबाट आफन्तमार्फत ल्याएको तर दर्ता नभएका मोबाइलहरू नयाँ नियमको फन्दामा पर्न सक्छन् ।

कुनै प्रयोगकर्तालाई सम्पर्क विच्छेद गराइदिनु हाम्रो उद्देश्य होइन । भदौ ३० गतेपछि दर्ता नभएका मोबाइलको हकमा एउटा एसएमएस जानेछ र त्यसले भनेबमोजिम दर्ता गर्नुपर्नेछ- मिश्रले भने ।

**त्यस्तो दर्ता दुई किसिमबाट हुन्छ :**

- अधिकृत आयातकर्तामार्फत बेचिएका फोन पहिले नै दर्ता भइसक्छन् र प्रयोगकर्ताले केही गर्नु पर्दैन ।
- चोरीपैठारीबाट आएका वा विदेशबाट आफन्तले ल्याएर दर्ता नगरिएका फोनको हकमा एमडीएमएस प्रणालीमा अनलाइनमार्फत दर्ता गर्नुपर्छ ।

खुला सीमानाबाट अनुचित किसिमले आएका फोन वा आफन्तले ल्याएका फोन दर्ता नभएको हुनसक्छ । त्यसका निम्ति दर्ता गर्न एसएमएस पठाइन्छ । छ महिनाभित्र त्यसरी दर्ता गरिसक्नु पर्छ- मिश्रले भए । तर भदौ ३० पछि भित्रिने नयाँ मोबाइलको हकमा दर्ता नगरिए चल्न दिइने छैन । फोनको आईएमईआई नम्बर प्राधिकरणको वेबसाइटमा गएर दर्ता गराउन सकिने बताइएको छ ।

**नयाँ नियमको आवश्यकता किन ?**

नेपालमा एमडीएमएस प्रणाली लागू भएको खण्डमा चोरीपैठारीबाट आउने र कर नतिरी आउने क्रम कम हुने हुनाले सरकारको राजश्वलाई फाइदा हुने व्यवसायीहरूले बताउँदै आएका छन् ।

अहिले फोनको मूल्यका आधारमा अन्तः शुल्क र मूल्य अभिवृद्धि कर लाग्ने गरेको छ । मोबाइल फोन आयातकर्ताहरूको संघका अध्यक्ष दीपक मल्होत्राका अनुसार अहिले नेपालमा वार्षिक ५० अर्ब रुपैयाँ बराबरको मोबाइल भित्रिन्छन् तर तीमध्ये ३५ अर्ब रुपैयाँ बराबरका मोबाइल अनधिकृत रूपमा भित्रिएका छन् । त्यस्ता अवैध मोबाइलले तीन वटा समस्या पैदा गर्छ - एक त सरकारले पाउने राजश्व गुम्छ, दोस्रो चोरीपैठारी गर्दा सस्तोमा ल्याइए पनि तिनको बजार मूल्य हामीले आयात गर्दा लाग्ने भन्दा बढी राखिएको हुन्छ र ग्राहक ठगिन्छन्, अनि तेस्रो यसले यहाँका मोबाइल व्यवसायीको बजार खस्कन्छ- मल्होत्राले भने ।

अवैध तथा चोरीपैठारीको मोबाइलको बिगबिगी दर्साउने उदाहरण दिँदै उनले अहिले सरकारले तीन सय डलरभन्दा धेरै पर्ने मोबाइल आयात गर्न नदिए पनि बजारमा छ्यापछ्याप्ती पाइने गरेको बताए । अझ कतिपय बिक्रेताले चोरीपैठारीबाट ल्याइएका त्यस्ता फोन झन् धेरै मूल्यमा बेचिरहेको उनी बताउँछन् । यसले त कसैलाई फाइदा गर्दैन । त्यसैले एमडीएमएस लागू गराएर यस्ता अवैध फोनको ओसारपसार र बिक्रीवितरण निरुत्साहित पार्नु जरुरी छ- उनले भने ।

**साथीभाइ र आफन्तले ल्याएका फोन पनि घानमा ?**

हुन त विदेशबाट आउँदा एउटा मोबाइल फोन ल्याउन खासै रोकटोक छैन । बाहिर साथीभाइ र आफन्त हुनेले मगाउने चिजबिजमा मोबाइल पहिलो रोजाइ बन्दै गएको छ ।

**के अब नयाँ नियम लागू भयो भने त्यसो गर्न नपाइएला ?**

प्राधिकरणका सहायक प्रवक्ता मिश्र भन्छन्- सम्पर्कविहीन पार्न खोजेको होइन । तर ल्याउँदा उचित तरिकाले दर्ता गराउनुपर्‍यो । व्यवसायीहरूले पनि आफन्तले ल्याउने फोन टाउको दुखाइ नभएको बताउँछन् । कसैले साथीभाइ वा आफन्तका लागि ल्याइदिने एउटा फोन हाम्रो टाउको दुखाइ नै होइन । तर, यहाँ त कतिपयले बाहिरको विमानस्थलमा फोन भिडाएर यहाँ लिने गरेको पाइएको छ । त्यसैले एमडीएमएस आवश्यक परेको हो- मल्होत्राले भने ।

पर्यटकहरूको हकमा उनीहरूले बोक्ने मोबाइल फोन यहाँ आएको एक महिना जति चल्न दिने र त्यसपछि मात्र दर्ताको निम्ति आग्रह गर्ने प्रणाली बनाउन सकिने उनले बताए । सर्वसाधारणमा अझै पनि रहेका केही संशय अनि अन्य प्राविधिक तथा व्यवस्थापकीय जटिलता समाधान गर्न सके मात्र प्राधिकरणले सहज रूपमा एमडीएमएस लागू गर्न सक्ने जानकारहरू बताउँछन् ।

# धिरजको आवाज ‘वीरकाजी’ सँग मिल्दोजुल्दो किन ?



फिल्म ‘इन्टु मिन्टु लण्डनमा’बाट अभिनेताको रुपमा सानदार डेब्यू गरेका धिरज मगर करीब ४ वर्षपछि ठूलो पर्दामा देखिँदैछन् । उनी अभिनीत तेस्रो तर रिलिजको दोस्रो फिल्म ‘बाबरी’ असोज १४ गतेबाट प्रदर्शन हुँदैछ । टिजर रिलिजपछि उनको आवाजलाई लिएर टिका-टिप्पणी भइरहेको छ । प्रायःले उनको आवाज फिल्म ‘कबड्डी’को ‘वीरकाजी’ पात्रसँग दुरुस्तै मिलेको बताएका छन् ।

धिरज भने ‘बाबरी’मा आफ्नो क्यारेक्टर काजी नै रहेकाले आवाज मिल्दोजुल्दो सुनिनुलाई सामान्य बताउँछन् । ‘म दयाहाङ राई दाइलाई आइडल मान्छु । हामीले उहाँ जस्तो कलाकारकै बाटोमा हिँड्ने हो-’ उनले भने- ‘आवाज ‘वीरकाजी’को जस्तो आयो भनेर जसरी प्रतिक्रिया आएको छ, ‘बाबरी’मा विक्रान्तको क्यारेक्टर पनि काजी नै हो । त्यसैले पनि कति कुराहरु मिल्न गएको होला ।’

अभिनयको हिसाबमा दयाहाङ राईसँग तुलना भएकोमा भने धिरज गर्व महशुस गर्छन् । उनले ‘बाबरी’ मा बोलेको बोल्ड आवाज आफ्नै रहेको पनि स्पष्ट पारे । विक्रान्तको क्यारेक्टर आफूभन्दा विल्कुलै फरक रहेको बताउँदै उनले त्यसमा आफूलाई ढाल्नका लागि निकै मिहिनेत गर्नुपरेको बताए । छोटो समयमै आफूले गाउँघरको हाउभाउ, बोली, पूर्वेली भाषा सिकेको उनको भनाइ छ ।

उनले आफू स्टार बन्न नआएको पनि बताएका छन् । ‘मैले पहिलो फिल्म गर्दा नै म स्टार बन्न र कसैको ठाउँ लिन आएको होइन भनेको थिएँ । म राम्रो कलाकार बन्न चाहन्छु ।

त्यसैले हरेक फिल्ममा फरक-फरक भूमिका गर्न मन पर्छ’- धिरजले अगाडि भने- ‘मैले फिल्म क्षेत्रमा अझै आफ्नो ठाउँ बनाएको छु जस्तो लाग्दैन । म अझै आफ्नो स्थान बनाउँदै छु र धेरै कुरा सिकिरहेको छु ।’

# कमलनगर जेसीजको जेसीज सप्ताह




**कमल, भदौ २।** कमलनगर जेसीजले विहीवार एक कार्यक्रमकाबीच जेसीज सप्ताह उद्घाटन गर्नुका साथै ७औं स्थापना दिवस मनाएको छ ।

कमल गाउँपालिकाको वडा नम्वर ३ स्थित जेसीज सचिवालयमा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि कमल गाउँपालिका वडा नम्वर ३का वडाध्यक्ष अग्निप्रसाद कोइरालाले व्यानर बाचन गरेर जेसीज सप्ताह कार्यक्रमको उद्घाटन गरेका थिए । जेसीजले कमल गाउँपालिकामा आफ्नो निजी लगानीले पनि केही गर्न सकिन्छ भन्ने छाप छोडेको छ ।

कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि तथा सहभागीलाई धन्यवाद दिँदै अध्यक्ष नारायण बस्नेतले आफ्नो कार्यकालमा सुविधासम्पन्न जेसीज भवन बनाउने योजना रहेको र यसका लागि २० देखि २५ लाख रुपैयाँ संकलन भइ सकेको जानकारी दिए । बाँकी रकम जुटाएर ७० लाख रुपैयाँ सम्मको जेसीज भवन बनाउने बताउँदै उनले आफ्नो कार्यकालमा आफूले बनाएका योजना पूरा गर्न सम्पूर्ण जेसीज सदस्यलाई अनुरोध गरे ।

कार्यक्रममा बोल्दै आजीवन सदस्य राजन ढुङ्गाना, वर्ष १८ का अध्यक्ष केदार कटुवाल, प्याक्सन झापाका अध्यक्ष गौरीमान फागो लगायतले कमल नगर जेसीजले समाज रुपान्तरणमा जेसीजले पुर्‍याएको योगदानको चर्चा गरेका थिए ।

कार्यक्रममा शिक्षक महासंघ कमलका अध्यक्ष हिमप्रसाद दाहाल, उद्यमशील महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता दाहाल, जग्गादाता तथा आजीवन सदस्य लेखनाथ खतिवडा, प्रहरी चौकी केर्खाका इञ्चार्ज सुवास मिश्र लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रम कमलनगर जेसीज वर्ष २२ का महासचिव भीम अधिकारीले सञ्चालन गरेका थिए ।

## प्राकृतिक ...

उपयोग विद्युत् आयोजनाको मुहान क्षेत्र वरिपरि सडक निर्माण तथा सुधार लगायतका कार्य गर्दा भूक्षयबाट रुख, ढुङ्गा, माटो, बालुवा जलाशय तथा मुहानमा पस्नबाट जोगाउन सडकको नाली व्यवस्थापन गर्ने, खनेको माटो खोलामा जान नदिन छेका पर्खालहरू लगाउने, खनेको माटो सुरक्षित स्थानमा व्यवस्थापन गर्ने, पहिरो नियन्त्रणका लागि बायो इञ्जिनियरिङका कार्यहरू गर्नुपर्ने, विद्युत्‌बाट प्राप्त रोयल्टी बिद्युत् आयोजना सञ्चालनमा दिगोपन ल्याउने एवम् विद्युत् आयोजना रहेको मुख्य क्षेत्र, वरिपरिका प्रभावित क्षेत्र र उपल्लो तथा तल्लो तटीय प्रभावित क्षेत्रको जनसंख्यालाई लाभ हुने गरी उपयोग गर्नुपर्ने नियम छ ।

यसैगरी जलाधार क्षेत्रको संरक्षण-नाली व्यवस्थापन, छेका पर्खाल निर्माण, हरित सडक निर्माण, बायो इञ्जिनियरिङ प्रविधि अवलम्बन, जलाशय संरक्षण तथा नदी नियन्त्रण सम्बन्धी कार्य, संरचना रहेको क्षेत्र वरिपरि पुनर्भरण वा रिचार्ज पोखरी निर्माण तथा संरक्षण वा मर्मत सुधार कार्य, जलस्रोतको दिगो उपयोग, जलाधार व्यवस्थापन, जलविद्युत् संरचना सम्बन्धी स्थानीय जनतालाई सचेतनामूलक कार्यक्रम गर्न, तल्लो तटीय सुख्खा क्षेत्रमा सिँचाइ तथा खानेपानी संरचना निर्माण तथा मर्मत सम्भार कार्य गर्न र ग्रामीण विद्युतीकरण सम्बन्धी कार्य गर्न गर्नुपर्दछ ।

यस्तै तल्लो तटीय क्षेत्रमा नदी नियन्त्रण र संरक्षण सम्बन्धी कार्य गर्न, बाँध इन्टेक वरिपरिको जलाशयमा माछापालन कार्य, विस्थापन भै पुनःस्थापित परिवार तथा नदीको पानीमा आश्रित समुदायका लागि सिप विकास कार्यक्रम, प्राकृतिक विपद् पूर्वसावधानी तथा उद्धार कार्य, जलाशयमा आधारित पर्यापर्यटन र अन्य उद्यम सञ्चालन गर्ने आदिमा रोयल्टी रकमको उपयोग गर्नुपर्दछ ।

संघीय शासन व्यवस्थाअघि यस किसिमको रोयल्टी साविकका जिल्ला विकास समितिमा जाने गर्दथ्यो। जिविसले उक्त रोयल्टीको वितरण न्यायोचित रूपमा कहिले पनि गरेनन् । एउटा उदाहरण हेरौं- मर्स्याङ्दी जलविद्युत् बापत साविकको तनहुँ र गोरखा जिविसमा जाने रोल्यटीको सम्बन्धमा दुवै जिल्लाका साविकका क्रमशः आँबुखैरेनी र देउराली गाविसका स्थानीयले प्रभावित क्षेत्रले पाउनको लागि स-सानो आन्दोलननै गरेका थिए तर संघीयतामा प्राकृतिक स्रोत बापतको रोयल्टी प्रभावित प्रदेश र स्थानीय तहको सञ्चित कोषमा सिधै जाने व्यवस्था छ ।

स्थानीय तहले उक्त स्रोतका रोयल्टीहरू बितेका तीन-चार वर्षमा कहाँ-कहाँ, कुन कुन शीर्षकमा कसरी कसरी खर्चिए भन्ने कसैले हेक्का राखेको छैन । यस बारेमा जनप्रतिनिधि र कर्मचारी नाजवाफ छन् । स्थानीय सञ्चित कोषमा आम्दानी बाँधी बजेटमा प्रविष्टी गराएर खर्च गरियो भन्ने ओठे जवाफबाहेकको प्रतिक्रिया तिनीहरू कोही दिँदैनन् ।

रोयल्टी भनेको प्रभावित क्षेत्रमा प्रचलित नियम र मापदण्ड अनुसार खर्चिने भन्ने पनि जनप्रतिनिधि र कर्मचारीलाई अर्काले सिकाइ दिनुपर्ने हो ? आम्दानी र खर्च गर्ने अधिकार र अख्तियारी छ भन्दै राज्यको प्रचलित नियम मान्नुपर्दैन ? प्रभावित क्षेत्रका सम्बन्धित आयोजनाहरूबाट निम्तिएको समस्या समाधानमा रोयल्टी खर्च गर्नैपर्ने अवस्था छ । प्रभावित क्षेत्रमा यस्ता योजना, आयोजनाबाट प्रत्यक्ष असर परेको हुन्छ । प्रभावित क्षेत्रका बासिन्दाको जीविका, आयआर्जन, आयस्रोत लगायतका विविध पक्ष प्रभावित हुने हुनाले स्थानीय तहले रोयल्टी रकम खर्चिन बनाउने योजना, कार्यक्रममा त्यस्ता पक्षमा पनि ध्यान दिन जरुरी छ । स्थानीय तहले मात्रै होइन प्रदेश र संघले पनि प्राकृतिक स्रोतको रोयल्टी पूर्वाधार विकासका क्षेत्रमा खर्च गर्ने प्रवृत्ति छ । *श्रोतः आइएनएस-स्वतन्त्र समाचार*

## नेपालको ...

अध्यक्ष ओलीले भने- ‘प्रचण्ड, माधवहरूलाई यो गीतले छुँदैन, यो गीत सुन्ने बित्तिकै उनीहरू मुर्छा पर्छन् ।’

‘किनभने उनीहरू बिलकुल गलत बाटोमा गइसके, प्रतिक्रियावादी र प्रतिगमनको बाटोमा गइसके, प्रतिगमनका मतियार भइसके’- उनले आक्रोश पोखे । नागरिकताको प्रसङ्गमा बोल्दै उनले भने- ‘संविधानले दिएको अधिकार बमोजिम सबै नेपालीहरूले नागरिकता प्राप्त गर्छन्, त्यो प्राप्त गराउने काम एमालेको हो ।’ एमालेकै सरकार भएको भए आधा भन्दा बढी सुकुम्वासीको हातमा जग्गाधनी पुर्जा भइसक्ने थियो- उनले भने ।

नेकपा (एमाले) कचनकवल गाउँ कमिटीका अध्यक्ष नवराज भट्टराईको अध्यक्षता भएको कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी दुई हजारभन्दा बढी एमालेमा प्रवेश गरेको पार्टीले दावी गरेको छ । कार्यक्रममा एमालेका केन्द्रीय सदस्यद्वय दुर्गा प्रसाई र हरि राजवंशीले मन्तव्य राखेका थिए । एमालेका नेता तथा प्रदेश सांसद बसन्त बानियाँले स्वागत गरेको कार्यक्रमको सञ्चालन रोशन लामाले गरेका थिए ।

## नागरिकता ...

फिर्ता पठाएको विधेयकलाई अवसरका रुपमा संसद्ले लिनुपर्ने उनको भनाइ छ ।

अर्का वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले अब नागरिकता विधेयकका सम्बन्धमा राष्ट्रपति भण्डारीले पुनःविचार गर्ने ठाउँ नरहेको बताएका छन् । अब संसद्को दुवै सदनले पारित गरेपछि राष्ट्रपतिलाई फेरि पनि पुनःविचार गर्नका लागि ठाउँ छैन- उनले भने- संसद्को दुवै सदनबाट पारित भएको नागरिकता विधेयकलाई उनले प्रमाणीकरण गर्नुपर्ने हुन्छ ।

राष्ट्रपति भण्डारीले नागरिकताका सम्बन्धमा स्थायी समाधान खोज्नका लागि नै विधेयक फिर्ता गरेको उल्लेख गर्दै भने- उहाँले नागरिकताका विषयमा यो-यो विषयमा संशोधन गर भनेर सन्देशसहित अभिभावकको भूमिका निर्वाह गर्दै संसद्मा विधयेक फिर्ता पठाउनुभएको थियो । अब संसद्ले राष्ट्रपतिको सन्देशलाई मनन् गरेर नागरिकता विधेयकलाई पर्याप्त मात्रामा छलफल गरी संशोधनसहित प्रमाणीकरणका लागि पठाउनुपर्दछ ।

## दक्षिण ...

पाउने गरी काम लगाइ दिने र यसका लागि नगद १० लाख रुपैयाँ लाग्छ भनी प्रलोभनमा पारी नगद ७ लाख ५० हजार रुपैयाँ लिई फरार रहेका थिए । उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं मिनभवनबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ ।

**गर्मी एवम् वर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रमक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ ।**

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस, घोडा जस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# आज श्रीकृष्ण जन्माष्टमी

**ज्ञान, कर्म र भक्तियोगका प्रणेता भगवान श्री कृष्णको जन्मदिनलाई कृष्णाष्टमीका रुपमा मनाउने गरिन्छ । द्वापरयुगको अन्त्यतिर भाद्र महिनाको अष्टमी तिथिको मध्यराति श्रीकृष्णको जन्म भएको थियो । चारैतिर कडा सुरक्षा हुँदाहुँदै पनि भगवान विष्णुको मोहित पार्ने शक्तिका कारण सुरक्षामा खटिएका सेना गहिरो निद्रामा परेर उनी बाँच्न सफल भएको पौराणिक आख्यानमा उल्लेख छ । राजा कंशको मृत्युको कारण उनै बहिनीका सन्तान हुने भनिएकाले देवकीका त्यसअघिका सात वटा सन्तानको हत्या भएको थियो । त्यसपछि आठौं सन्तानका रुपमा जन्मिएका श्रीकृष्णलाई भगवान विष्णुको मोहित पार्ने शक्तिले सारा सैन्यलाई मोहित पारी वृन्दावन पुऱ्याइएको थियो । पौराणिक कथन अनुसार अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट सम्पूर्ण मानव जातिको रक्षा गर्न भगवान विष्णुको आठौं अवतारका रुपमा श्रीकृष्णको जन्म भएको हो । उनै श्रीकृष्णले बाल्यकालदेखि नै विचित्र लीला देखाउँदै पुतना, कंश, जरासन्ध, शिशुपाल जस्ता दानव र दानवी प्रवृत्तिको संहार गरेका थिए ।**

**भगवान श्रीकृष्णले पाण्डव र कौरवका बीच कुरुक्षेत्रमा भएको धर्मयुद्धमा सत्यको पक्षमा लड्न पाण्डव पक्षलाई युद्धको शिक्षा दिएका थिए । असत्य, अधर्मका बिरुद्धमा लडेर सत्य, न्याय र धर्मको रक्षा गर्न अर्जुनलाई प्रेरणा र हौसला दिने श्रीकृष्णको कुरुक्षेत्रमा व्यक्त वाणि नै वैदिक सनातनीहरुको महत्वपूर्ण धर्मग्रन्थका रुपमा स्थापित छ । त्यही ग्रन्थ 'श्रीमद्भागवत् गीता' हो जसले आज पर्यन्त पूर्वीय दर्शनका अनुयायीहरुलाई सत्य, निष्ठा, न्याय, कर्म र धर्मको अनुशरण गर्न उत्प्रेरणा प्रदान गरिरहेको छ । उनको सत्कर्म, सच्चरित्र र सद्ज्ञान सम्पूर्ण मानव जातिको लागि उदाहरण बनिएको छ । भगवान श्रीकृष्ण स्वयम्ले जब–जब भारत वर्षमा धर्मको लोप हुन्छ, पापी, दुष्टात्माहरु बढ्छन्, तब–तब मानव रुपमा यो धरतीमा जन्म लिएर तिनको संहार र धर्मको रक्षा गर्न म आउँछु भनेका छन् ।**

**भगवान श्रीकृष्ण जगत्पुरुष हुन् तर अधर्मको अन्त्य गर्न कुरुक्षेत्रमा सारथी बनेका छन् । कर्ममाथि विश्वास गर्नुपर्छ भन्ने आदर्श आत्मसात गरेका श्रीकृष्णले त्यही कर्ममा नै जोड दिए । मानव समुदायको हितलाई सर्वोपरी ठान्ने भगवान श्रीकृष्णको प्राकट्यको अपूर्व अवस्थाले पनि खासगरी वैदिक सनातन धर्म मान्नेहरुका लागि उनी आदर्श र मर्यादा पुरुष हुन् । कर्म गर–फलको आशा नगर भनेर कर्मप्रति समर्पित हुने सन्देश प्रवाह गर्ने भगवान श्रीकृष्णको जीवनको अर्को महत्वपूर्ण पाटो भनेको शान्ति र मानवताको पूजा हो । अनेक नामबाट सुपुजित उनै भगवान श्रीकृष्णको प्राकट्य दिवसका दिन देशभरका कृष्ण मन्दिरहरुमा ठूला अनुष्ठान सम्पन्न गरिन्छन् । यो दिनले सत्य, न्याय, धर्म, शान्ति र मानवताको पक्षमा दृढतापूर्वक उभिने प्रेरणा प्रदान गरोस्, कृष्णाष्टमीको शुभकामना ।**

# मिलेमतोमा अनियमितता



**शिवराम न्यौपाने**

भ्रष्टाचार नियन्त्रण कार्य सरकारको मुख्य चुनौतिको विषय भएको छ। भ्रष्टाचार नियन्त्रणका नीति, योजना, कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्। यसमा मूलतः मिलेमतोमा भ्रष्टाचार गर्ने-गराउने शैली मुख्य कारण भएको छ। राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र सार्वजनिक खरिद एवं निर्माणमा सहभागी अन्य कम्पनी, व्यक्ति, समूहको मिलेमतोमा भ्रष्टाचारजन्य कार्य स्थानीय तहसम्म सङ्गठित हुँदै गएको छ। यस कार्यमा मूलतः बिचौलिया, दलाल, माफिया, पेसागत आवरणमा रहेका ठगहरूको समूहहरू मध्यस्थताको भूमिकामा छन्। यसको नियन्त्रणको प्रयास अपेक्षित रूपमा प्रभावकारी हुन सकेको छैन।

सुशासनको जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व, सरकारको मुख्य कार्यकारिणी कर्मचारीतन्त्र, गैर कानूनी कार्य नियन्त्रणको भूमिकामा रहेको न्याय क्षेत्र, राजश्व तिर्ने जिम्मेवारीमा रहेका व्यवसायी, सार्वजनिक खरिद एवं विकास निर्माणको कार्यमा निगरानी र नियन्त्रणको भूमिकामा रहेका उपभोक्ता समितिको मिलेमतोमा भ्रष्टाचार संस्थागत हुँदै गएको तथ्य सर्वस्वीकार्य छ। यसबाट एकातर्फ भ्रष्टाचारविरुद्धको सरकारको कामकारबाही कमजोर भएको छ भने अर्कोतर्फ राज्यको स्रोतमा अनधिकृत व्यक्ति समूहको प्रभाव व्यापक हुँदै गएको छ। सार्वजनिक पदमा रहेका व्यक्तिहरूले आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको अवस्थामा अनुचित कार्य हुने व्यवस्था कानूनमा स्पष्ट रहेको छ। साथै रिसवत लिने-दिने, कमिशन लिने, राजश्व चुहावट गर्ने, दान, दातव्य, उपहार वा चन्दा लिने, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्ने लगायतका कार्य भ्रष्टाचार हुने समेत स्पष्ट गरिएको छ। तर, सार्वजनिक पदमा रहेका व्यक्तिहरूबाट यस्ता कार्य भइरहँदा नियन्त्रणका सरकारी प्रयास प्रभावकारी हुन सकेका छैनन्।

यसमा मूलतः मिलेमतोमा अनियमित कार्य गर्ने-गराउने शैली प्रमुख कारण भएको पाइएको छ। राजनीतिक, प्रशासनिक, प्राविधिक, निर्माण व्यवसायी, सामुदायिक, न्यायिक क्षेत्र, निगरानी एवं नियन्त्रण गर्ने क्षेत्र लगायतका अधिकांश क्षेत्रमा मिलेमतोको प्रवृत्ति फैलिएको छ। मुलुकमा सङ्घीय शासन पद्धति कार्यान्वयनमा आएपछि भ्रष्टाचारजन्य कार्यमा कमी आउने अपेक्षा रहेको भए पनि राजनीतिक नेतृत्वसँगको निर्माण व्यवसायी, कर्मचारीतन्त्र, सामुदायिक संस्था समेतको मिलेमतोका कारण यस कार्यमा सरकारले उपलब्धि हासिल गर्न नसकेको हो। सरकारी प्रयास प्रभावकारी हुन नसकेका कारण भ्रष्टाचारको प्रवृत्ति वडा तहसम्म संस्थागत हुँदै विस्तार भएको छ। सरोकारवालाहरू साँठगाँठ गरी विकासका नाउँमा काम गर्ने। तर, कमिशनको ठूलो अंश बाँडफाँट गरी लिने कार्य भएको पाइएको छ। यसबाट स्थानीय तहसम्मको विकास निर्माणको बजेटमा व्यापक दुरुपयोग भएको पाइएको छ।

सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा जनसम्पर्क बढी हुने गरेका कार्यालयको काम/कारवाहीमा बिचौलिया र दलालहरूको माध्यमबाट अनियमित कार्य हुने गरेको पाइएको छ। अनधिकृत रूपमा कार्यालयको कार्य प्रक्रियामा सहभागी हुने गरेका बिचौलियाहरूलाई कार्यालय क्षेत्र र प्रक्रियामा प्रवेश गर्ने सहजताका कारण यस्ता विकृति मौलाउँदै गएका छन्। कर्मचारी, लेखापढी व्यवसायी वा बिचौलिया, सेवाग्राही समेतको मिलेमतोमा सवारीचालक अनुमति, जग्गा नापी एवं रजिस्ट्रेशन पास, वैदेशिक रोजगारीका लागि अनुमति, शैक्षिक योग्यताको प्रमाणपत्र, विभिन्न किसिमका सिफारिस, राहदानी एवं नागरिकता लगायतका कागजात लिने कार्यमा मिलेमतोबाट घुस लेनदेन गर्ने कार्य हुने गरेको देखिएको छ। यसरी घुस लिने दिने कार्य गरी सेवा प्रवाह गर्न राजनीतिक जिम्मेवार व्यक्ति र कर्मचारीहरू समेत संलग्न हुने गरेका गुनासाहरू छन्। दलाल, एजेन्ट, पेसागत व्यवसायीहरू, ठेकेदार, लेखन्दास लगायत उद्यमी, व्यवसायी, करदाता समेतले सार्वजनिक पदमा रहेका पदाधिकारीहरूलाई प्रलोभन देखाई आपसी मिलेमतोमा भ्रष्टाचार गर्न/गराउन सघाउ पुऱ्याएका छन्।

सरकारका कार्यकारिणी संयन्त्रलाई कानूनी शासनको अवधारणा अनुरूप सञ्चालन गर्ने-गराउने कार्यमा महत्वपूर्ण भूमिकामा रहेको न्यायालयमा समेत भ्रष्टाचारको मिलेमतो प्रवृत्तिले प्रभाव पारेको छ। सर्वसाधारणका लागि पहुँच कठिन हुँदै गएको न्याय क्षेत्रबाट सरल, सहज र सुपथ न्याय प्राप्त हुन सकेको छैन। न्यायालयहरूको परम्परागत एवं प्रक्रियामुखी कार्य पद्धतिका कारण न्याय प्राप्त गर्ने कार्य ढिलो र महँगो हुन गएको छ। सामान्य व्यक्तिले छिचोल्नै नसक्ने प्रक्रिया एवं अत्यासलाग्दो ढिलो फैसलाका कारण न्यायका लागि बिचौलिया वा दलालको सहयोगमा निर्भर हुनुपर्ने अवस्था छ। न्यायालयको कमजोर कार्य पद्धतिका कारण बिचौलिया वा पेसागत आवरणमा ठगी गर्नेहरूले मुलुकको न्यायप्रति विश्वास एवं साख कायम हुन सकेको छैन। यसमा मूलतः न्यायालयका उच्च पदाधिकारीहरू र न्यायपरिषद् सचेत, जिम्मेवार र अग्रसर हुनु आवश्यक भएको छ।

सार्वजनिक सेवा प्रवाहका लागि खडा भएका सेवाकेन्द्रमा विद्युतीय कार्य पद्धतिलाई क्रमशः आन्तरिकीकरण गर्न सकिएमा भ्रष्टाचारजन्य कार्यमा कमी ल्याउन सकिने हुन्छ। भ्रष्टाचारको उच्च जोखिमयुक्त क्षेत्रहरू खासगरी जनसम्पर्क बढी हुने यातायात व्यवस्था कार्यालय, वैदेशिक रोजगारीका कार्यालय, राहदानी विभाग, न्यायालय, मालपोत कार्यालय, नापी कार्यालय, नगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका निकायमा हुने सार्वजनिक कार्यलाई अनलाइन मार्फत सेवा प्रवाह गर्ने/गराउने कार्यलाई व्यापक र प्रभावकारी गराउन आवश्यक भएको छ। विद्युतीय सेवाका लागि आधारभूत सूचनाको जानकारी सेवाग्राहीसम्म पर्याप्त र सहज रूपमा पुग्न सकेको छैन।

विद्युतीय सेवा प्रारम्भ भएका कार्यालयमा समेत सेवाग्राहीको विद्युतीय प्रणालीमा सहज पहुँच सुनिश्चित गराउन सकिएको छैन। सेवासँग सम्बन्धित विद्युतीय एपहरूको आधारभूत जानकारी नभएको साथै कार्यालयमा यस कार्यमा सहयोग गर्ने सहयोगीको अभाव भएका कारण सेवाग्राही बाध्य भएर बिचौलियाको सहयोग लिन बाध्य भएका छन्। साथै अनियमित कार्य गराउन सक्रिय भएका बिचौलिया, कर्मचारी, सेवाग्राहीसमेतको मिलेमतोमा सेटिङका आधारमा अनियमित काम विद्युतीय पद्धतिलाई निष्क्रिय गर्ने-गराउने कार्यसमेत हुने गरेको छ। यस सन्दर्भमा अनलाइन पद्धतिबाट हुने गरेको सार्वजनिक सेवा प्रवाहको प्रक्रिया एवं कामको प्रभाव नियमित निगरानी गर्ने साथै विश्लेषणका आधारमा आवश्यक सुधार गर्दै जाने कार्यलाई जोड दिनु आवश्यक भएको छ। कार्यालयमा हुने भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गर्ने यो एउटा उपयुक्त विधि हुन सक्छ।

मिलेमतोमा भ्रष्टाचार गर्ने प्रवृत्ति बढेका कारण मुलुकको भ्रष्टाचार नियन्त्रणको कार्य चुनौतिपूर्ण हुँदै गएको छ। मूलतः राजनीतिक नेतृत्वबाट नै भ्रष्टाचारजन्य कार्यको नियन्त्रणमा अग्रसर हुनु जरुरी छ। मुलुकको चुनाव खर्चिलो हुँदै गएको साथै राजनीतिक नेतृत्व सार्वजनिक पदमा रहँदासमेत चुनाव केन्द्रित भई काम गर्ने गरेका कारण सामान्य प्रयासबाट मात्र मुलुकको भ्रष्टाचार नियन्त्रण हुन सक्ने देखिँदैन। विकासको नाममा राज्यको स्रोत व्यक्ति समूहमा बाँडफाँड गर्ने र कमिशनलाई केन्द्रमा राखेर सार्वजनिक खरिद एवं निर्माणलाई मिलेर दोहन गर्ने संस्कार विस्तार हुँदै गएको छ। घुस लिने-दिने कार्य प्रत्यक्ष रूपमा नहुने तर बिचौलिया, दलाल, ठेकेदार, पेसाकर्मी, व्यावसायीहरूको माध्यमबाट घुस लिएर मात्र काम गर्ने प्रवृत्ति बढेकाले भ्रष्टाचार सङ्गठित हुँदै गएको छ।

मिलेमतोबाट स्थानीय तहसम्म फैलिएको भ्रष्टाचारजन्य कार्यको नियन्त्रणका लागि मौजुदा नीति, रणनीति, कानूनी एवं संस्थागत व्यवस्थामा सामयिक सुधार गर्नु अपरिहार्य भएको छ। मूलतः सार्वजनिक सेवालाई विद्युतीय माध्यमबाट प्रवाह गर्ने र बिचौलियाहरूलाई कार्यप्रक्रियामा संलग्न हुन नदिने कार्य शीघ्र कार्यान्वयनमा ल्याउनु आवश्यक भएको छ। यसका लागि सार्वजनिक पदमा रहेका राजनीतिक नेतृत्व नै जिम्मेवार र अग्रसर हुनुपर्छ। सार्वजनिक पदमा नभएका सामाजिक दायित्व भएका अन्य राजनीतिक पदाधिकारीहरू, सञ्चारकर्मी, उपभोक्ता समितिका पदाधिकारीहरू सहयोगीका रूपमा अग्रसर हुनु आवश्यक भएको छ।



बिचौलियाहरूलाई कार्यालयको कार्यप्रक्रियामा निषेध गर्न सम्बन्धित निकाय प्रमुख प्रतिबद्ध र जवाफदेही हुनुपर्छ। यसबाट मिलेमतोमा फस्टाउँदै गएको भ्रष्टाचार नियन्त्रण भई मुलुकमा सुशासन कायम गराउन सकिने अवस्थाको सिर्जना हुन्छ। राजनीतिक, प्रशासनिक, प्राविधिक, निर्माण व्यवसायी, सामुदायिक, न्यायिक क्षेत्र, निगरानी एवं नियन्त्रण गर्ने क्षेत्र लगायतका अधिकांश क्षेत्रमा मिलेमतोको प्रवृत्ति फैलिएको छ। *गोप*

# संस्कृति संरक्षणमा नेवार समुदाय

☐ **रत्नबहादुर बस्नेत**

**बिर्तामोड, भदौ २।** भाषा-संस्कृति, मौलिक परम्परा, पहिचानका धनी नेवार समुदायको सांस्कृतिक पर्वोत्सव देशभर मनाइरहेका बेला बिर्तामोडका नेवार समुदाय संस्कार-संस्कृतिको संरक्षणमा अग्रसर बनेका छन् ।

देशैभरि लाखे जात्रा लगायतका कार्यक्रम सञ्चालन भइरहेको बेला पूर्वी जिल्ला झापामा पनि लाखे प्रदर्शनसँगै सांस्कृतिक चहलपहलका गतिविधि बढेसँगै बिर्तामोडका नेवार समुदाय आफ्नो संस्कार-संस्कृति संरक्षण-सम्बर्द्धनमा जुटेका हुन् ।

नाग पञ्चमीदेखि लाखे पजात्राको विधिवत् उदघाटन गरेर बिर्तामोडसँगै जिल्लाका विभिन्न क्षेत्रमा सांस्कृतिक कार्यक्रम जारी रहेको नेवाः देय् दबू बिर्तामोड नगर समितिका अध्यक्ष छत्रबहादुर श्रेष्ठले बताए । अमूल्य सम्पदाको रुपमा रहेको मौलिक तथा परम्परागत नेवार संस्कार-संस्कृतिको संरक्षण-सम्बर्द्धन गर्ने उद्देश्यले बिर्तामोडका २, ७, ९ र १० वडामा सांस्कृतिक तथा लाखे परिचालन समिति गठन गरेर अन्य वडाहरुमा समेत नगरको समन्वयमा लाखे जात्रा कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ । उनका अनुसार बिर्तामोडमा २ नम्वर वडाले १, २ र ३ वडामा, ९ नं. वडाले ४, ५ र ६ वडामा, ७ नं. वडाले ७ र ८ नं. वडामा र १० नं.वडाले आफ्नै वडामा लाखे नचाउने कार्यक्रम रहेको बाताए ।






यसैबीच नेवाः देय् दबू अर्जुनधारामा विशाल सभा सम्पन्न भई राष्ट्रिय विभूति शंखधर शाख्वाको प्रतिमा निर्माणको शिलान्यास भएको थियो । बिर्तामोड, मेची नगर, अर्जुनधारा लगायत विभिन्न स्थानमा लाखे नाच प्रदर्शन जारी रहेको अध्यक्ष श्रेष्ठ बताउँछन् । बिर्तामोडमा एक हजारभन्दा बढी नेवारहरु नेवाः देय् दबूमा आबद्ध रहेको बताइएको छ ।

काठमाडौं बाहिरका जिल्लाहरुमा नाग पञ्चमीबाट शुरु भई कृष्ण जन्माष्टमीसम्म जारी रहने लाखे जात्रा नेवार समुदायको प्रमुख चाडपर्व तथा सांस्कृतिक पहिचान भएको नेवाः देय् दबू बिर्तामोड नगर समितिका वरिष्ठ उपाध्यक्ष तथा लाखे प्रदर्शन परिचालन समितिका संयोजक रत्नकुमार श्रेष्ठले बताए । उनका अनुसार शहरी क्षेत्रमा नेवार संस्कृति-संस्कारको पालना राम्रैसँग हुँदै आए पनि लोप हुँदै गएका दुर्गम तथा ग्रामिण भेगमा समेत यसको अधिक पालना गर्ने/गराउने उद्देश्यका साथ लाखे तथा गाईजात्राको आयोजना गरिएको हो ।

हालै मृत्युवरण गरेका घरपरिवार वा नेवारजातिका इष्टदेव भीमसेन मन्दिरबाट शुरु गरिने लाखे नाचसँगै पछिल्लो समय ठाकठुके, रोपाइँ जात्रा जस्ता नृत्य प्रस्तुत गर्ने प्रचलन रहेको उनको भनाइ छ ।

नेवार जातिको प्रमुख चाड लाखे जात्राको प्रमुख आकर्षण दानवी शक्तिसँगै देवदेवीको भयङ्कर स्वरुप काली, भैरवलगायतको प्रतिक (आकृति)को रुपमा रहेको मुकुट र अन्य भेषभूषा तथा ढोलक, झ्याम्टा लगायत मौलिक बाजाको प्रयोगसहित प्रस्तुत गरिने लाखे नाच-प्रदर्शनबाट पितृको मोक्षका लागि सहायक हुने विश्वास रहेको उनको भनाइ छ । त्यस्तै धार्मिक तथा सांस्कृतिक महत्व बोकेको गाईजात्रामा सम्पन्न शोभायात्रा तथा झाँकी प्रदर्शनमा भिन्न विशेषता रहेको पाइन्छ ।

झापा सहित १ नम्बर प्रदेशभर संस्कृति जगेर्ना गर्न तथा मौलिक परम्परा, पहिचानको संरक्षण-सम्बर्द्धनमा जागरण अभियानका रुपमा जिल्लाका मुख्य चोक तथा शहरहरुमा सभासमारोहसहित जात्रा-महोत्सवको कार्यक्रमहरु सम्पन्न गरिएको र जसमा सबै समुदायका मानिसहरुले उत्साहपूर्ण सहभागिता र सदभाव राख्ने गरेको पाइएको नेवाः देय् दबू प्रदेश अध्यक्ष इन्द्रबहादुर श्रेष्ठले बताए ।

झापाको बिर्तामोडमा नेवाः देय् दबू बिर्तामोड-९ को लखिबारीस्थित भिमसेनथान मन्दिरबाट लाखे जात्राको उद्घाटन गरेर शुरु भएको लाखे प्रदर्शन केही समय पहिले बिर्तामोडमा नगरपरिक्रममा गरी चारैवटा लाखे टोलीद्वारा नगरस्तरीय लाखेजात्रा कार्यक्रम सम्पन्न भएको नेवाः देय् दबू बिर्तामोडका सल्लाहकार यज्ञराज श्रेष्ठले जानकारी दिए ।

नेवाः देय् दबू बिर्तामोड नगर अध्यक्ष छत्रबहादुर श्रेष्ठ र नेवाः पासा मुना पुचः बिर्तामोडका अध्यक्ष दिनेशकुमार श्रेष्ठले संयुक्तरुपमा उदघाटन गरेको उक्त कार्यक्रम धेरैले रुची पूर्वक हेरेका थिए ।

# जस्मिन पेन्ट्सको उपहार योजना




**बिर्तामोड, भदौ २।** जस्मिन पेन्ट्सले ग्राहकहरुलाई लक्षित गरी उपचार योजना सञ्चालन गरेको छ ।

२८ वर्षदेखि नेपाली ग्राहकको सेवामा समर्पित जस्मिन पेन्ट्सले एक वर्षे उपहार योजना सार्वजनिक गरेको हो । २०७९ भदौ १ गतेदेखि २०८० साउन मसान्तसम्म 'वर्षभरि हर्ष, प्रत्येक महिना लखपति, उपहार त कति-कति' भन्ने नाराका साथ बम्पर उपहार योजना सञ्चालन हुने गरेको कम्पनीले जनाएको छ । ग्राहक लक्षित उपहार योजना मार्फत जस्मिन पेन्ट्सका उत्पादनहरु खरिद गर्ने ग्राहक वर्ग मध्ये लक्की-ड्र मार्फत प्रत्येक महिना एक सय १२ जनाले विभिन्न उपहार प्राप्त गर्ने बताइएको छ ।

प्रत्येक महिना एक जनाले नगद एक लाख, एक जनाले स्मार्ट मोबाइल फोन, १० जनाले इलेक्ट्रिक राइस कुकर र एक सय जनाले आकर्षक भित्ते घडी प्राप्त गर्ने कम्पनीले प्रेस विज्ञप्ति मार्फत जनाएको छ । उपहार योजनामा सहभागी हुनका लागि ग्राहकले अनिवार्य रुपमा जस्मिन पेन्ट्सका उत्पादनहरु खरिद गर्नुपर्ने नियम राखिएको छ ।

जसमध्ये ७५ हजारदेखि एक लाख रुपैयाँसम्मको खरिदमा एउटा कुपन, एक लाखदेखि एक लाख ५० हजारसम्मको सामान खरिदमा दुईवटा कुपन र एक लाख ५० हजार माथिका सामान खदिरमा तीन वटा कुपन ग्राहकलाई प्रदान गरिने कम्पनीले जनाएको छ । सोही कुपनको अर्धकट्टीलाई लक्की-ड्रमा समावेश गरिने र हरेक महिना एक सय १२ जना भाग्यशाली विजेता बन्ने कम्पनीले जनाएको छ ।

उपहार योजना मार्फत उपभोक्ताबीच आत्मीयता बढाउने विश्वास कम्पनीले लिएको बताइएको छ । नेपाली ग्राहकहरु माझ लोकप्रिय रंगको पहिचान बनाएको एशियन पेन्ट्सले लामो समयदेखि उत्कृष्ट र गुणस्तरीय उत्पादनहरु नेपाली बजारमा पुऱ्याउने गरेको कम्पनीले जनाएको छ ।

# इलाममा रोपाइँजात्रा मनाइयो

**इलाम, भदौ २।** परापूर्वकालदेखि मनाउँदै आइएको रोपाइँ जात्रा इलाम बजारमा बिहीबार धुमधामका साथ मनाइएको छ।

नेपाल भाषा तथा संस्कृति समाजको आयोजनामा यो पर्व मनाइएको हो। संस्कृतिको रक्षा र नयाँ पुस्तालाई पुराना कुराको जानकारी गराउने उद्देश्यले यो पर्व मनाइएको समाजका अध्यक्ष प्रवीन श्रेष्ठले जानकारी दिए। उनले यस वर्ष वन काइला र वन काइली समेत निकालिएको छ। जुन पहिला राज्य प्रमुख (राजा रानी) आउँदा इलाम बजारमा निकालिने गरिन्थ्यो।

अघि-अघि हल गोरु र हलीको वेषमा कलाकारबीचमा पञ्चेबाजासहित धान रोपेको अभिनयका साथमा कलाकारले रोपाइँ जात्रामा मनोरञ्जन दिने गर्दछन्। साथै मुङ्गे, साधु, माग्ने र जोगीको अभिनयसहित कलाकारले बजार परिक्रम गरेका छन्।

जिल्लाका विभिन्न बजारमा यो जात्रा मनाइने गरिएको छ। रोपाइँ गरेर गलेका किसानलाई मनोरञ्जन प्रदान गर्न शुरुमा यो पर्व मनाउन थालिएको बताइएको छ। विभिन्न बजारमा लाग्ने हटियाको दिन पारेर यो जात्रा निकालिन्छ।

पश्चिमी क्षेत्रमा रहेको मङ्गलबारे बजारमा धुमधामका साथ रोपाइँजात्रा पर्व मनाइएको छ। परम्परागत रुपमा मनाइँदै गरेको जात्रा यस वर्ष पनि मनाइएको हो। जात्रा स्थानीय भानुभक्त माविको आयोजनामा निकालिएको हो।

विक्रम सम्वत् २०१८ बाट मनाइँदै आएको जात्रा कोरोनाका कारण यस अघिका दुई वर्ष र माओवादी द्वन्द्वका समयमा दुई वर्ष बाहेक हरेक वर्ष मनाउँदै आइएको भानुभक्त माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रकाशचन्द्र खनालले बताए।

# जिल्ला भूमि आयोगबाट निरीक्षण

**पथरीशनिश्चरे, भदौ २।** राष्ट्रिय भूमि आयोग मोरङको टोलीले पथरीशनिश्चरे-१ मा रहेको भूमि सम्बन्धी समस्या भएका क्षेत्रहरूको निरीक्षण गरेको छ।

आयोग जिल्ला अध्यक्ष सुशीला घिमिरेको अगुवाईमा प्राविधिकसहितको टोलीले भूमि समस्या भएका क्षेत्रमा निरीक्षण गरेको हो।

अघिल्ला आयोगका अधुरा काम र नयाँ कामको क्षेत्रको निरीक्षण गरी नापी प्रक्रिया थाल्ने विषयमा छलफल गरेको छ।

नगर प्रमुख मोहनप्रसाद तुम्बापो, वडाध्यक्ष भीमकुमार राईसहितका जनप्रतिनिधिसँग छलफल गर्दै छिटो गरी समस्या समाधानको काम अघि सार्ने बारे समेत छलफल भएको थियो।

## बिमालेख हरायो

तीनकुनेदेखि रत्नपार्क जाने क्रममा यही मिति २०७९/०३/२६ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- इन्दिरा सिग्देल
**ठेगाना**:- मेनपा–१३, चारआली
**पोलेसी नं.**:- ००१००२६४१०
**कम्पनी नाम**: गुराँस लाइफ इन्स्योरेन्स क.लि.
**सम्पर्क**: ९८४३६२६५६०


धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240






## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


## सीपमूलक शिक्षा आजको आवश्यकता

CTEVT बाट सम्बन्धन प्राप्त यस मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड न.पा.–२ चारपाने झापामा शैक्षिक सत्र २०७९/८० मा प्राविधिक विषयतर्फ Diploma In Civil Engineering र Diploma in Civil Engineering [Specialized in Hydropower] मा भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ।

**हाम्रा विषेशताहरु**

- पूर्ण निःशुल्क छात्रवृत्ति प्रति कार्यक्रम– ५ जना (प्राविधिक विषयतर्फ)
- अत्यन्त न्यून शुल्कमा अनुभवी शिक्षकद्वारा गुणस्तरीय शिक्षा प्रदान गरिने।
- व्यवस्थित तथा सुविधासम्पन्न प्रयोगशाला रहेको।
- पूर्ण व्यवस्थित पर्याप्त पाठ्यपुस्तकसहितको पुस्तकालय रहेको।
- विगतका वर्षहरुमा उत्कृष्ट नजिता ल्याउन सफल।
- विद्यार्थी केन्द्रित शिक्षण सिकाई गराइने।
- पूर्वपश्चिम राजमार्गसँगै जोडिएको।

प्राविधिक विषयतर्फ आवेदन फारम खुल्ला भएकोले धमाधम फारम भर्ने कार्य भइरहेको छ।

**फारम पाइने र बुझाउने स्थान :–** CTEVT को वेभसाईट WWW.CTEVT.ORG.NP बाट डाउनलोड गरी वा विद्यालयबाट लिइ रीतपूर्वक भरी विद्यालयमा बुझाउनुपर्नेछ।

**फारम वितरण धमाधम भइरहेको छ।**

**फारम बुझाउने अन्तिम मिति :– २०७९ भाद्र ०९ गतेसम्म**

**प्रवेश परीक्षा** (Entrance exam): **२०७९ भाद्र १७ गते ३:०० बजेदेखि**

**सञ्चालित कार्यक्रमहरु**

Diploma In Civil Engineering – ४८ सिट
Diploma in Civil Engineering [Specialized in Hydropower] – ४८ सिट

**थप जानकारीका लागि**

**मोहनमाया माध्यमिक विद्यालय, विर्तामोड–२, चारपाने**
०२३–५४३६५२ (कार्यालय), ९८४२७०४७३४, ९८४२६८४३५१, ९८०३४७०१६०, ९८२४०२९६२८

## नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था

बिर्तामोड–४, झापा, फोन नं. :०२३–५३३०५६

## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०३*

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज, हर्जाना र अन्य दै–दस्तुर रकम समेत तिर्न बुझाउन पटक–पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ, यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, ब्याज, हर्जना र अन्य दै–दस्तुर रकम समेत) चुक्ता गर्नुहुन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन, सहकारी नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणिलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**ऋणको नाम** :– बिमला फुयल
बाबुको नाम :– जितबहादुर कार्की
बाजेको नाम :– दिर्घबहादुर कार्की
ससुरा/बाजेको नाम :– मोहनलाल फुयल
पतिको नाम :– तुलसी फुयल
ना.प्र.नं. :– ०४१०१२/२११४
जारी मिति :– २०६७/०३/०२



**धितो जमानत दिनेको नाम, थर, ठेगाना र तिनपुस्ते**
नाम :– तुलसी फुयल
बाबुको नाम :– मोहनलाल फुयल
बाजेको नाम :– अभिनारायण फुयल
ना. प्र. नं. :– २७७१/१९७६
जारी मिति :– २०६०/०५/१५



**धितोको विवरण**
जग्गाधनीको नाम :– बिमला फुयल
ठेगाना :– बिर्तामोड नपा वडा नं. ६
जिल्ला :– झापा
सिट नं. :– १७९०२७८
कित्ता नं. :– ८३६
क्षेत्रफल :– ११००.५५ वर्गमिटर


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५



## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा

घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४


श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह
तथा कैदले पर्यापपर्यटन क्षेत्र
अर्जुनधारा नपा–३, झापा

## सिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सूचना

**चौथो पटक प्रकाशित मितिः २०७९।०५।०३ गते**

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह, अर्जुनधारा–३, झापाले आ.व. २०७८/०७९ मा समूहको वनबाट उत्पादित चिरान काठ समूहको घाटगद्दीमा विभिन्न लटमा बिभाजित निम्न परिमाणको काठ जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा चौथो पटक प्रकाशित सूचनामा काठको मूल्य बढी पर्न गएको भनी प्रकाशित म्यादभित्र कुनै पनि आवेदन पर्न नआएको हुँदा मिति २०७९/०५/०२ गते बसेको कार्यसमितिको बैठकले मूल्य समायोजन गरी मिति २०७९/०५/०३ गते पुनः चौथोपटक यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना पूर्वाञ्चल दैनिक पत्रिकामा चौथो पटक प्रकाशित मितिले सात दिनभित्र सिलबन्दीको बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**तपशिल**

**वन पैदावारको विवरणः–**

| सि.नं. | जात | लट नं. | थान | परिमाण | धरौटी | न्यूनतम् मूल्य | प्रयोजन | |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | १४ | १७२ | २११.०० | १० प्रतिशत | ६३३,००० | लिलाम प्रयोजन | चिरान फान्टा |
| २ | साल | १५ | १४७ | १८४.०० | १० प्रतिशत | ५५२,००० | लिलाम प्रयोजन | चिरान फान्टा |
| ३ | साल | १६ | १४९ | १७७.१३ | १० प्रतिशत | ५३१,३९० | लिलाम प्रयोजन | चिरान फान्टा |
| ४ | साल | १७ | १८९ | २३३.०० | १० प्रतिशत | ६९९,००० | लिलाम प्रयोजन | चिरान फान्टा |
| ५ | साल | १८ | १८८ | २४६.९५ | १० प्रतिशत | ७४०,८५० | लिलाम प्रयोजन | चिरान फान्टा |
| ६ | साल | १९ | २०३ | १९४.०१ | १० प्रतिशत | ५८२,०३० | लिलाम प्रयोजन | चिरान फान्टा |
| ७ | अन्य जात | २० | ९९ | १४७.२१ | १० प्रतिशत | २२०,८१५ | लिलाम प्रयोजन | चिरान फान्टा |
| ८ | साल | २१ | ८९ | ३५.४१ | १० प्रतिशत | १०६,२३० | लिलाम प्रयोजन | चिरान वटम |
| ९ | साल | २५ | ४२५ | १८१.५० | १० प्रतिशत | ५४४,५०० | लिलाम प्रयोजन | चिरान वटम |

**२) वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय**
क) अन्तिम मिति २०७९/०५/०९ ख) समय : ४ बजेसम्म

३) बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सेल डेभलपमेन्ट बैंक खुदुनावारीमा रहेको खाता न.०२९००२०००९८०२३००००01 मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

४) बोलपत्र फारम प्रति लटको रु. १०००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयबाट खारिद तथा दाखिला गर्न सकिनेछ।

५) लिलाम बढाबढ हुने वन पैदावर कार्यालय खुलेको समयभित्र सामुदायिक वन उपभोक्ता समूहमा रहेको घाटगद्दी स्थलमा गइ हेर्न सकिनेछ।

६) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन) दर्ता प्रमाण पत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नुपर्नेछ।

७) निर्धारित समयमा न्यूनतम् संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७९/०५/०१ गते २:०० बजे समूहका पदाधिकारी, वन प्रतिनिधि र बोलपत्रकर्ताका प्रतिनिधिको रोहबरमा खोलिने छ।

८) लिलाम स्वीकृत भएको मितिले १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तौकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ।

९) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरलाई मान्यता दिइनेछ।

**अध्यक्ष : श्री जुकेखाडी सा.व.उ.स मो नं. ९७४४३३३५६४, ९८५२६७३३२४**

भाका भूल क्षमा दया र ममता, सन्तोष जान्दैन त्यो।
थुप्रो उधिनी मिठो र नमिठो, रोजेर छान्दैन त्यो।
इन्दै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।

## हार्दिक समवेदना

जन्म :
२००४
बैशाख ४ गते



स्वर्गारोहण :
२०७९ साउन ३०
मेचीनगर-१४, दुहागढी

**स्व. लक्ष्मीदेवी ढकाल**

श्रीअन्तु प्रकाशन प्रा. (लि) एवम् पूर्वाञ्चल दैनिकका संस्थापक सदस्य, पूर्व सहकर्मी पत्रकार, सामाजिक तथा मानव सेवाका क्षेत्रमा क्रियाशील व्यक्तित्व लोकराज ढकालसहितकी प्रातःस्मरणीय माता मेचीनगर नगरपालिका-१४ दुहागढी निवासी **लक्ष्मीदेवी ढकाल**को ७५ बर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ।

माता लक्ष्मीदेवीको निधनले परिवारमात्र नभएर समाजले नै एक असल, कुशल अभिभावक गुमाएको हामीले महशुस गरेका छौं। दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

आफ्नी ममतामयी माता तथा अभिभावकसँगको चिर वियोगको पीडादायी क्षणमा रहनुहुने छोरा-बुहारीः लोकराज-गोमा, होमराज-दिव्या, छोरीहरु होमा दुलाल, पद्मा उप्रेती, विन्दु रिजाल लगायत समस्त शोकाकुल परिवारजनमा शोकसहन गर्ने क्षमता प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

श्रीअन्तु प्रकाशन प्रा. (लि)
**पूर्वाञ्चल दैनिक परिवार**



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ, सतर्क रहनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, आज तपाईलाई धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आजको दिन मध्यम रहेको छ, अचानक भ्रमण हुने सम्भावना रहेको छ। रमाइलो हुनुका साथै केही झमेला पनि आइपर्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आज मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्ने छ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, केही समय धैर्य रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा बिचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ। व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ।